नेपाल सरकार

फोन नं: ०१-४२००३१८

# सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

(आन्तरिक व्यवस्थापन शाखा)

पत्र संख्याः- २०७३/७४

चलानी नंः- ४६६

मिति : २०७४/०३/१६

श्री महाशाखाहरु, सवै
संघिय मामिला तथा स्थनीय विकास मन्त्रालय
श्री महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/ गाँउपालिका, सवै
श्री निकाय/सचिवालय/आयोग /विभाग/प्रतिष्ठान/समिति, सवै

विषय :- परिपत्र ।

उपरोक्त विषयमा सार्वजनिक खरिद अनुगमन कार्यालयको मिति २०७४/०३/११ च.नं. १६२३ को मौजुदा सुची तयार गर्ने सम्वन्धी पत्र प्राप्त हुन आएकोले सोही बमोजिम गर्नु गराउनु हुन उक्त पत्रको छाँयाप्रति यसै पत्रसाथ संलग्न गरिएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

आनन्द सुवेदी
२०७४।३।१६
..................
(आनन्द देव सुवेदी)
शाखा अधिकृत

बोधार्थः
श्री सूचना, प्रकाशन तथा प्रविधि शाखा,
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय, सिंहदरवार । *(वेव साईटमा राख्ने व्यवस्थाको लागि)*

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
# सार्वजनिक खरिद अनुगमन कार्यालय
प्रशासन शाखा

फोन नं. ४०३०५४६, ४०३०५१८
फयाक्सः ४०३०६४२

पत्र सं.:- १-१-७४/७५

च.नं. १६२३

सामान्य प्रशासन महाशाखा
दर्ता :- ५६७४
मिति :- ३/१५

मिति :- २०७४।३।११

विषय : मौजुदा सूची तयार गर्ने सम्वन्धमा ।

श्री संघीय मामिला तथा मन्त्रालय/निकाय/सचिवालय/आयोग
स्थानीय विकास मन्त्रालय, सिंहदरबार ।

प्रस्तुत विषयमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६क. तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ बमोजिम सार्वजनिक निकायहरुले वर्षारम्भमा खरिदको लागि तयार गर्नुपर्ने मौजुदा सूचीका लागि पत्र-पत्रिकामा सूचना प्रकाशन गर्नुपर्ने नपर्ने सम्वन्धमा सोधनी भएको तथा पत्र-पत्रिकामा यस सम्वन्धी सूचना प्रकाशन भई रहेको सन्दर्भमा यस कार्यालयको ध्यानाकर्षण भएको छ ।

यस सम्वन्धमा उक्त ऐन, नियमको व्यवस्थाले निरन्तर र नियमित रूपमा मौजुदा सूची तयार गर्ने र अध्यावधिक गर्ने व्यवस्था गरेको तर पत्र-पत्रिकामा विज्ञापनको रूपमा सूचना निकाल्नु पर्ने गरी अनिवार्यता नगरेको तर कसरी मौजुदा सूची तयार गर्ने भन्ने विषय ऐन नियमले स्पष्ट व्यवस्था गरेको हुँदा सोही व्यहोरा आफू र आफूसँग सम्वन्धित निकाय तथा मातहतका निकायहरूलाई जानकारी गराइदिनु हुन निर्णयानुसार अनुरोध छ ।

३/११

(श्रीधर पन्थी)
निर्देशक

बोधार्थ तथा कार्यार्थः
श्री महालेखा परीक्षकको विभाग, बबरमहल, काठमाण्डौं ।
श्री प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, सिंहदरबार, काठमाण्डौं ।
श्री महालेखा नियन्त्रकको कार्यालय, अनामनगर, काठमाण्डौं ।

३/१४